# जयपृथ्वी नगरपालिकाबाट प्रदान गरिने एम.वि.वि.एस छात्रवृत्ति वितरण कार्यविधि, २०७९

**नगरसभाबाट स्वीकृत मिति:२०७९-०४-११**

**प्रस्तावना :** जयपृथ्वी नगरकार्यपालिकाको कार्यालयबाट यस नगरपालिका भित्र रहेका गरिव, जेहेन्दार, लगनशिल र मेहनती विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप छात्रवृत्ति उपलब्ध गराई प्राविधिक जनशक्ति (एम.वि.वि.एस डाक्टर) उत्पादन गर्नको लागि यो कार्यविधि बनाई लागु गर्न वाञ्छनिय भएकोले जयपृथ्वी नगरकार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम **"जयपृथ्वी नगरपालिकाबाट प्रदान गरिने एम.वि.वि.एस छात्रवृत्ति वितरण कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "छात्रवृत्ति" भन्नाले एम.वि.वि.एस अध्ययनका लागि नगरकार्यपालिकाले उपलब्ध गराएको आर्थिक अनुदान वा सुविधा सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले जयपृथ्वी नगरपालिका सम्झनु पर्दछ ।

(ग) "नगरकार्यपालिका" भन्नाले जयपृथ्वी नगरकार्यपालिका सम्झनु पर्दछ।

(घ) " एम.वि.वि.एस " भन्नाले जयपृथ्वी नगरपालिका बाट छात्रवृत्ति प्राप्त गरी नेपालका विश्वविद्यालयहरुमा एम.वि.वि.एस तहमा भर्ना भई अध्ययनरत विद्यार्थीलाई सम्झनु पर्दछ । यस शब्दले एम.वि.वि.एस को प्रवेश परीक्षा पास गरी छात्रवृत्तिको लागि आवेदन दिने विद्यार्थी लाई पनि जनाउनेछ ।

(ङ) "छात्रवृत्ति निर्णय समिति" भन्नाले नियम ५ बमोजिमको छात्रवृत्ति निर्णय समिति सम्झनु पर्दछ ।

(च) "गरिव" भन्नाले एकाघरका कुनै पनि सदस्यको रोजगार नभई जिविकोपार्जन गर्न अप्ठ्यारो भएका परिवारका सदस्य जनाउदछ । साथै त्यस्तो परिवारको बार्षिक आम्दानी रु २५००००(अक्षरेपि दुई लाख पचास हजार) भन्दा कम हुनु पर्नेछ ।

(छ) "जेहेन्दार" भन्नाले SEE तह र सो भन्दा माथी I.sc उत्तीर्ण गरी एम.वि.वि.एस को प्रवेशिका परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ ।

**३. छात्रवृत्ति पाउने मापदण्ड :**

क) छात्रवृत्तिको लागि आवेदन दिने आवेदक जयपृथ्वी नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ ।

ख) आवेदकले कक्षा ६ देखी १०(SEE) सम्म जयपृथ्वी नगरपालिकामा अवस्थित सामुदायिक विद्यालयबाट उत्तिर्ण गरेको हुनुपर्नेछ । तर सामुदायिक विद्यालयमा पढेका कसैले आवेदन नदिएमा अन्यलाई पनि  दिन सकिनेछ ।

ग) छात्रवृत्तिको लागि आवेदकले तपसिल बमोजिमका प्रमाणपत्रहरुको प्रतिलिपी संलग्न राखी छात्रवृत्ति पाउँ भन्ने निवेदन नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

- नेपाली नागरिकताको प्रमाणपत्र ।
- कक्षा ६ देखि १० (SEE) पास गरेका कागजात ।
- I.sc पास गरेका कागजात ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**४. छात्रवृत्ति उपलब्ध गराईने प्रकृया :**

क) छात्रवृत्तिको लागि आवेदकबाट दफा ३ (ग) बमोजिमको कागजातहरु पेश भएको हुनु पर्नेछ ।

ख) कार्यालयले छात्रवृत्तिको लागि आवेदकबाट पेश भएका कागजातहरु अध्ययन गरी छात्रवृत्ति प्रदानको निर्णयको लागि दफा ५ बमोजिमको समिति समक्ष पेश गर्नु पर्नेछ । निर्णय भएपछि सम्बन्धित आवेदकलाई जानकारी गराई छात्रवृत्तिको रकम प्रदान गरिनेछ । तर कुनै संघ संस्थाबाट पूर्ण रुपमा छात्रवृत्ति पाईसकेका व्यक्तिलाई छात्रवृत्ति प्रदान गरिने छैन । साथै अधिकृत स्तरका राष्टसेवक कर्मचारी, उच्च तहका जनप्रतिनिधि, ठुला व्यापारी वा निर्माण व्यवसायी र आर्थिकरुपमा सम्पन्न व्यक्तिका छोरा,छोरीलाई समेत प्रदान गरिने छैन ।

ग) यो छात्रवृत्ति पहिलो वर्ष खुला १ दोस्रो बर्ष महिला १ र तेस्रो बर्ष दलित १ लाई प्रदान गरिनेछ । चौथो र पाँचौ बर्षमा खुला कोटालाई नै प्रदान गरिनेछ । दलित भन्नाले दलित आयोगबाट तोकिएको जातिलाई जनाउनेछ ।

२. माथिका दफामा जुनसुकै कुरा लेखिएको भएता पनि उल्लिखित छात्रवृत्तिको बारेमा यस नगरपालिकाले कुनै मेडिकल कलेज सगँ सम्झौता गरेर कार्यान्वयन गर्न पनि सक्नेछ ।

**५. छात्रवृत्ति निर्णय समिति :**

क) छात्रवृत्तिका लागि आवेदकबाट पेश भएका कागजातहरु अध्ययन गरी छात्रवृत्ति प्रदान गर्ने निर्णयको लागि तपसिल बमोजिमको समिति रहनेछ ।

- संयोजक : नगरपालिका प्रमुख
- सदस्य : नगरपालिका उप - प्रमुख
- सदस्य : प्रमुख प्रशासकिय अधिकृत
- सदस्य : लेखा शाखा प्रमुख
- सदस्य : महिला शाखा प्रमुख
- सदस्य : स्वास्थ्य शाखा प्रमुख
- सदस्य सचिव : शिक्षा शाखा प्रमुख

ख) समितिले आफ्नो प्रकृया आफै निर्धारण गर्नेछ ।

ग) छात्रवृत्ति पाउने विद्यार्थी छनोटका लागि विज्ञहरु समेतको एक उप समिति गठन गर्न सकिनेछ ।

घ) छात्रवृत्ति छनोट परीक्षा खुला प्रतिष्पर्धाद्वारा हुनेछ ।

ङ) विद्यार्थी छनोट गर्दा आवेदक विद्यार्थी रहेको वडाको वडा अध्यक्ष आमन्त्रित्र सदस्यको रुपमा रहनेछ ।

**६. छात्रवृति रकम :**

क) जयपृथ्वी नगरपालिकाबाट प्रदान गरिने एम.वि.वि.एस छात्रवृत्तिको रकम अध्ययन अवधिभरको लागि आवश्यकता अनुसार उपलब्ध गराईनेछ ।

ख) यसरी छात्रवृतिको रकम प्राप्त गरेका विद्यार्थीहरुले अनिवार्य रुपमा एम.वि.वि.एस कोर्ष अध्ययन गर्नुपर्नेछ । तर पुरै अवधि अध्ययन नगरी विचमै अध्ययन छाडेको पुष्टि भएमा उपलब्ध गराईएको छात्रवृत्तिको रकम नगरपालिकामा फिर्ता गर्नु पर्नेछ । साथै अध्ययन पुरा गरि सके पछि कम्तिमा ३ बर्ष नगरपालिकाले तोकेको अस्पतालमा स-शुल्क सेवा गर्नु पर्नेछ । सो को सम्झौता छात्रवृति रकम प्रदान गर्ने निर्णय पश्चात गरिनेछ ।

# अनुसुची -१

## (एम.वि.वि.एस छात्रवृत्ति पाउनको लागि दिने निवेदनको ढाँचा)

मिति :............................

श्री नगर प्रमुख ज्यू
जयपृथ्वी नगरपालिकाको कार्यालय,
चैनपुर,बझाङ्ग ।

**विषय : एम.वि.वि.एस छात्रवृत्ति पाउँ ।**

प्रस्तुत विषयमा यस जयपृथ्वी नगरपालिका अन्तर्गत वडा नं....मा बस्ने श्री ............को छोरा/छोरी वर्ष .....को म श्री ...............ले एम.वि.वि.एस अध्ययनको लागि मेरो आर्थिक अवस्था कमजोर भई अध्ययन गर्न कठिनाई भएकोले यस कार्यालयबाट एम.वि.वि.एस अध्ययनको लागि छात्रवृत्ति वितरण गर्ने कार्यक्रम भएकोले मैले सो अध्ययनको लागि आवश्यक कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गर्दछु । मैले पेस गरेको विवरण ठिक साँचो छ । झुट्टा ठहरेमा प्रचलित कानुन बमोजिमको सजाय भोग्न मञ्जुर छु ।

**निवेदक**
**नाम थर ...........**
**ठेगाना.........**
**सम्पर्क नं ..........**

# अनुसुची २

# कबुलियतनामा

## ( एम.वि.वि.एस.छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीका लागि )

श्री ............. को नाति/नातिनी श्री ................. को छोरा/छोरी जयपृथ्वी नगरपालिका वडा नं...........बस्ने श्री........................ ले जयपृथ्वी नगरपालिका बाट एम.वि.वि.एस छात्रवृत्ति प्राप्त गरेकोले उक्त विषय............ कलेजमा भर्ना भै अध्ययन गर्नेछु । अध्ययनको प्रगति विवरण बार्षिक रुपमा यस नगरपालिकामा पेस गर्नेछु । अध्ययन नगरेमा, विचैमा छोडेमा वा विरामी भै वा अन्य कारणले छोड्नु परेको खण्डमा सो व्यहोराको जानकारी यस नगरपालिकामा अविलम्ब गराउनेछु । छात्रवृत्ति रकम प्राप्त गरी केही कारणले अध्ययन गर्न नसकेमा उक्त रकम फिर्ता गर्नेछु । सो रकम नबुझाएमा नगरपालिकाले सरकारी बाँकी सरह असुल उपर गरेमा मेरो मञ्जुरी छ भनि यो कबुलियतनामा पेस गरेको छु ।

छात्रवृत्ति पाउनेको

सही :

नाम :

ठेगाना :

मिति :

तह :

फोन :

कलेजको नाम :

ठेगाना :

फोन :

| वायाँ | दायाँ |
|---|---|
| | |

# अनुसुची ३
# कबुलियतनामा
## ( छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको अभिभावकको लागि )

श्री ................... को नाति/नातिनी श्री...................को छोरा/छोरी जयपृथ्वी नगरपालिका वडा नं ......... बस्ने म श्री....................... को छोरा/छोरी............... ले यस जयपृथ्वी नगरपालिका बाट प्रदान गरिने गरिब र जेहेन्दार छात्रवृत्ति प्राप्त गरेकोले........... कलेजमा अध्ययन गराउन मञ्जुर छु । यदी निरन्तर अध्ययन नगरेमा, विचैमा छोडेमा यस नगरपालिकाबाट प्राप्त रकम फिर्ता गर्नेछु । सो रकम फिर्ता नगरेमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल उपर गरेमा कुनै उजुर बाजुर गर्ने छैन भनि यो कबुलियतनामा पेस गरेको छु ।

छात्रवृत्ति पाउने अभिभावकको

सही :

नाम :

ठेगाना :

मिति :

फोन :

| वायाँ | दायाँ |
|---|---|
| | |

# अनुसुची-४
# कबुलियतनामा

(नगरपालिका र सम्बन्धित कलेज विचको लागि)

यस जयपृथ्वी नगरपालिकाले गरिव र जेहेन्दार छात्रवृतीमा विध्यार्थीलाई एम.वि.वि.एस पढाउने विषयमा जयपृथ्वी नगरपालिका(पहिलो पक्ष) र सम्बन्धित कलेज (दोस्रो पक्ष) बिच तपशिल बमोजिमको करार सम्झौता गर्न दुबै पक्ष मन्जुर भएकाले तपशिलका शर्तको अधिनमा रहि जयपृथ्वी नगरपालिका नगरकार्यपालिकाको कार्यालय चैनपुर,बझाङ्ग जसलाई यस कवुलियतनामामा यसपछि पहिलो पक्ष भनि सम्बोधन गरिएको छ र समबन्धित चिकित्साशास्त्र अध्ययन संस्थान जसलाई यस पछि दोस्रो पक्ष भनि सम्बोधन गरिएको छ । हामी दुबै पक्ष यस जयपृथ्वी नगरपालिका भित्रका गरिव,जेहेन्दार तथा उत्कृष्ठ चिकित्साशास्त्र अध्ययन इन्ट्रान्स परीक्षा उत्तिर्ण हुनुभएका विध्यार्थीहरुलाई सम्बन्धित अध्ययन संस्थामा अध्ययन गर्ने सहयोग पुर्याउनका लागि तपशिलका शर्तको अधिनमा रहि करार सम्झौता गर्ने दुबै पक्ष मन्जुर हुदा यो करार सम्झौता गरी एक एक प्रति लियौं दियौं ।

<u>**करारका शर्तहरुः**</u>

१. भर्ना हुन छनौट भएका विध्यार्थीको लागि कलेजको लाग्ने सम्पुर्ण शुल्क जयपृथ्वी नगरपालिकाकाले किस्ताबन्दीमा सोझै कलेजको खातामा दुबै पक्ष विच सम्झौता भए पछि पठाउने ।
२. आवश्यक पर्ने रकम कलेजले माग गर्ने र सो को विल भरपाई जयपृथ्वी नगरपालिकालाई समयमै पठाउने ।
३. विध्यार्थीको पढाईको प्रगति प्रतिवेदन कलेजको नियमानुसार नगरपालिकालाई जानकारी दिने ।
४. विध्यार्थीले पढाई छाडेको वा कुनै कारणले अनियमित भएमा सो को जानकारी दोस्रो पक्षले पहिलो पक्षलाई यथासिग्र जानकारी गराउने ।
५. अन्य कुनै समस्या परे पहिलो पक्ष र दोस्रो पक्ष मिलेर आपसि समझदारी समाधान गर्ने ।

| | |
|---|---|
| पहिलो पक्षः | पहिलो पक्षः |
| सहिः | सहिः |
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |
| फोन नः | फोन नः |